# ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.
Global IME Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)


चलानी नं...४५९।०७७।७८ मिति: २०७७।०६।२०

श्री नेपाल राष्ट्र बैक ,बैक तथा वित्तीय संस्था नियमन विभाग ,वालुवाटार, काठमाण्डौ
श्री नेपाल राष्ट्र बैक,लघुवित्त संस्था सुपरिवेक्षण विभाग,वालुवाटार, काठमाण्डौ
श्री नेपाल स्टक एक्सचेन्ज,सिहंदरवार प्लाजा , काठमाण्डौं
श्री नेपाल धितोपत्र वोर्ड, जावलाखेल, ललितपुर
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ
श्री सिडिएस एण्ड क्लेयरीङ्ग लि. ,पुतलीसडक , काठमाण्डौ

**विषय : सञ्चालक नियूक्तिको जानकारी गराइएको सम्वन्धमा ।**

प्रस्तुत विषयका सम्वन्धमा यस वित्तीय संस्थाको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था वमोजिम संस्थापक शेयरधनी श्री ग्लोवल आइएमई वैक लिमिटेडको तर्फवाट मनोनित हुने सञ्चालक संख्या जम्मा ४ जना मध्ये संस्थापक ग्लोवल आईएमइ बैंक लि.को मिति २०७७।०५।२२ को पत्रानुसार संस्थाको प्रतिनिधि सञ्चालक श्री शान्ता शिवाकोटीको सट्टा मा मनोनयन भई आउनु भएका सञ्चालक श्री परमेश्वर श्रेष्ठज्यूले सञ्चालक समितिको सदस्यको पदभार ग्रहण गर्नु भयो । सञ्चालक समितिको सदस्यमा पदभार ग्रहण पश्चात, कम्पनी ऐन,२०६३ को दफा ९९ को व्यवस्था र बैक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को अनुसूची ( दफा १२७ को उपदफा (१) संग सम्वन्धित) अनुसार सपथ ग्रहण गराइएको व्यहोरा जानकारीका लागि सादर अनुरोध गर्दछु ।

भवदीय,

किरण कुँवर
कम्पनी सचिव/ प्रमुख कार्यकारी अधिकृत

# ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.
**Global IME Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)


चलानी नं...४६०।०७७।७८ मिति: २०७७।०६।२०

श्री नेपाल स्टक एक्सचेन्ज,सिहंदरवार प्लाजा , काठमाण्डौं
श्री नेपाल धितोपत्र वोर्ड, जावलाखेल, ललितपुर
श्री नेपाल राष्ट्र बैक ,कार्यकारी निर्देशकज्यू ,बैक तथा वित्तीय संस्था नियमन विभाग ,वालुवाटार, काठमाण्डौ
श्री नेपाल राष्ट्र बैक ,कार्यकारी निर्देशकज्यू ,लघुवित्त संस्था सुपरिवेक्षण विभाग,वालुवाटार, काठमाण्डौ
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ
श्री सिडिएस एण्ड क्लेयरीङ्ग लि. ,पुतलीसडक , काठमाण्डौ

**विषय : प्राप्ति (एक्विजिसन) सम्बन्धि सहमति पत्र (MOU) गरिएको जानकारी सम्वन्धमा ।**

प्रस्तुत विषयका सम्वन्धमा यस लघुवित्त संस्थाको मिति २०७७।६।२० गते वसेको सञ्चालक समितिको ११८ औ वैठकवाट गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.२६ विजयपुर अवस्थित स्पर्श लघुवित्त वित्तीय संस्था लि.वाट **प्राप्ति (एक्विजिसन)** गर्नका लागि प्रस्ताव भै आए वमोजिम उक्त संस्था प्राप्ती गर्दा संस्थाको वित्तीय पक्ष र समग्र व्यवसाय राम्रो हुन गै व्यवसाय कारोवार वृद्धि गर्न सकिने , ग्राहकहरुलाई प्रदान गर्ने सेवा, सुविधा तथा सहुलियतमा समेत अभिवृद्धि गरी व्यापक पहुँचका साथ स्तरिय वित्तीय सेवा प्रदान गर्न थप पुँजीकोष वृद्धि भै संस्थालाई एक सबल र सशक्त संस्था बनाउन सकिने विश्लेषणका आधारमा गण्डकी प्रदेश, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.२६ विजयपुरमा केन्द्रिय कार्यालय रहेको स्पर्श लघुवित्त वित्तीय संस्थालाई **प्राप्ति (एक्विजिसन)** गर्ने निर्णय भई मिति २०७७।६।२० गते अपरान्ह ६.३० वजे दुवै पक्ष विच प्राप्ति सम्बन्धि सहमति पत्र **(Memorandum of Understanding- MOU)** मा हस्ताक्षर सम्पन्न भएको व्यहोरा जानकारी गराउदँछु ।

भवदीय,

Kiran

किरण कुँवर
कम्पनी सचिव/ प्रमुख कार्यकारी अधिकृत

Global IME Laghubitta Bittiya Sanstha Ltd.